# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७८/०७९

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार काठमाण्डौ

# खण्ड – १ : सामान्य विवरण

## १.१ पृष्ठभूमि

वन तथा वातावरण मन्त्रालयका प्रमुख जिम्मेवारीमा वन, वातावरण तथा जलवायु परिवर्तनका क्षेत्रहरु समावेश छन् । वन अन्तर्गत मूलतः वन, वन्यजन्तु, वनस्पति, जैविक विविधता र जलाधारहरुको दिगो, समावेशी र सहभागितामूलक व्यवस्थापन र तिनबाट प्राप्त वस्तु र सेवाको न्यायोचित उपयोग गर्ने विषय पर्दछन् । वतावरण कार्यक्षेत्र तर्फ तीनै तहका सरकार, समुदाय र निजीक्षेत्रको सहयोग र सहकार्यमा खासगरी प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्धन, वातावरणीय मापदण्डको निर्धारण र वातावरणीय प्रभावको नियमन रहेका छन् । जलवायु परिवर्तन तर्फ मानव समाज र प्राकृतिक वातावरणमा जलवायु परिवर्तनले पारेका वा पार्न सक्ने प्रभावहरुबाट बच्न अनुकूलनका उपयाहरुको खोजी र विस्तार गर्नु, त्यसका निम्ति अन्तराष्ट्रिय वित्त, प्रविधि र ज्ञानमा पहुँच बढाउनु, जलवायु परिवर्तनको न्युनीकरण हुने गरी स्रोतको व्यवस्थापन गर्नु र हरितगृह ग्याँसको उत्सर्जनको नियमित मापन गर्नु जस्ता क्रियाकलापहरु रहेका छन् । यी तीनवटै कार्यक्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण, अध्ययन-अनुसन्धान, क्षमता विकास र शासकीय सुधार प्रमुख अन्तरसम्बन्धित पक्षहरु हुन् । वन तथा वातावरण मन्त्रालयको आ.व. २०७८/०७९ का २१ वटा पहिलो प्राथमिकता प्राप्त र ४ वटा दोस्रो प्राथमिकता प्राप्त कार्यक्रम वा परियोजनाहरु यिनै प्रमुख जिम्मेवारीहरुको वहन र तिनबाट प्राप्त उपलब्धिको सेरोफेरोमा केन्द्रित छन् ।

सन् २०१५ को वन स्रोत सर्वेक्षण अनुसार नेपालको कूल भूभागको ४० प्रतिशत वन र ४.७४ प्रतिशत झाडी बुट्यान गरी वनले ढाकेको क्षेत्रफल कुल भू-भागको ४४.७४ प्रतिशत रहेको छ । यस मध्ये १८ प्रतिशत वनक्षेत्र राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ति क्षेत्र अर्थात् समग्रमा संरक्षित क्षेत्रमा पर्दछ । नेपालको कुल क्षेत्रफलको २३.३९ प्रतिशत भूभाग संरक्षित क्षेत्रले ओगटेको छ । नेपालको वनलाई व्यवस्थापनका दृष्टिले निजी वन, राष्ट्रिय वन र संरक्षित क्षेत्रमा पर्ने वनका रुपमा वर्गीकरण गरिएको छ । राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन र वन संरक्षण क्षेत्र (साविकको संरक्षित वन) को रुपमा व्यवस्थापन हुँदै आएको छ । हाल सम्ममा सामुदायिक वन तर्फ २३,६८२ उपभोक्ता समूह र २४,९०,१९४ हेक्टर वनक्षेत्र, साझेदारी वन तर्फ ३१ समूह र ७५,६१४ हेक्टर वनक्षेत्र, कबुलियती वन तर्फ ६,९७६ समूह वा संस्था र ४५,८४१.७४ हेक्टर वनक्षेत्र, (७,७३१ गरिबमुखी कबुलियती वन तर्फ ४४,३९८.७४ हेक्टर वन क्षेत्र, २४५ व्यवसायिक कबुलियती वन तर्फ १,४४३ हेक्टर वनक्षेत्र), धार्मिक वन तर्फ १८६ धार्मिक संस्थालाई २८९६.५७ हेक्टर वन क्षेत्र तथा १० संरक्षित वनको १,९२,०२७ हेक्टर वनक्षेत्र उपलब्ध गराइएको छ । जस मध्ये १,०३७ मध्यवर्ती सामुदायिक वनको

२,११,२१३.०२,७५ वटा मध्यवर्ती कबुलियती ३००.०१ हेक्टर ६ वटा मध्यवर्ती धार्मिक वनको ८५.३२ हेक्टर क्षेत्रफल रहेको छ ।

सामुदायिक वन, साझेदारी वन लगायत समुदायमा आधारित वन व्यवस्थापनको रूपमा नेपालको कुल वन क्षेत्रको झण्डै ४० प्रतिशत वन क्षेत्र स्थानीय समुदायबाट संरक्षण तथा व्यवस्थापन हुँदै आएको छ । यी व्यवस्थापन पद्दतिहरुको मूल लक्ष्य जनसहभागिताद्वारा वनको दिगो व्यवस्थापन गरी वनबाट प्राप्त हुने वन पैदावार वा बस्तु र सेवाको उत्पादन तथा उत्पादकत्व बढाउनु, ती बस्तु वा सेवाको प्रशोधनबाट मूल्यअभिवृद्धि गर्नु र त्यसबाट वन व्यवस्थापनमा संलग्न समुदायको समृद्धि र अर्थतन्त्रमा समेत योगदान पुर्याउने रहेको छ। यसरी वनको व्यवस्थापन र उपयोग गर्दा जैविक विविधताको संरक्षण, निर्णय प्रक्रियामा महिला सहित स्थानीय समुदायको सहभागिता र लाभको न्यायोचित बाँडफाँडको सुनिश्चितताका लागि समेत एकीकृत प्रयास हुने गरेको छ ।

## १.२ मन्त्रालयको दूरदृष्टि, लक्ष्य तथा उद्धेश्य

### १.२.१ सोच

सफा, स्वच्छ तथा हरित वातावरण, जलवायु समानुकूलित समाज र वन क्षेत्रको व्यवस्थित दिगो व्यवस्थापनबाट नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि र सुखमा योगदान ।

### १.२.२ लक्ष्य

वन तथा वातावरण मन्त्रालयको लक्ष्य निम्नाननुसार छन् ।

- वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो र सहभागितात्मक व्यवस्थापनवाट वातावरणीय सन्तुलन र दियो विकास कायम राख्दै वनजन्य उद्यम तथा पर्यापर्यटनको विकास एवम् वन्यजन्य वस्तु तथा सेवाको उत्पादन, मूल्य अभिवृद्धि एवम् न्यायोचित वितरण मार्फत अर्थतन्त्रमा योगदान वृद्धि गर्ने।
- वातावरणीय क्षेत्रमा प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्ने ।
- जलवायु परिवर्तन क्षेत्रमा जलवायु परिवर्तान अनुकूलन क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणवाट दिगो समाज निर्माणमा योगदान गर्ने ।

### १.२.३ उद्देश्य

वन तथा वातावरण मन्त्रालयको नीतिगत उद्देश्य निम्नानुसार छन ।

**राष्ट्रिय वन नीति २०७५**

- वन क्षेत्रको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभवृद्धि गर्ने।
- वन पैदावरमा आत्मनिर्भर भई मूल्य अभिवृद्धि सहित निर्यात प्रवर्द्धन गर्ने।
- संरक्षित क्षेत्र सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पुर्याउने।
- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण पुनर्स्थापना र दिगो उपयोग गर्ने ।
- वन क्षेत्रको संरक्षण र सो को बहुआयमिक उपयोग गर्ने।

- फलफूल लगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रुपमा विकास गर्ने।
- हालको वन क्षेत्रलाई घट्न नदिई विभिन्न प्रकारबाट क्षति भएका वनको पुनर्स्थापना गर्ने।
- जलाधार क्षेत्रहरुको एकिकृत व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्ने।
- कार्बन उत्सर्जन न्युनीकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पुर्याउने ।
- वन क्षेत्रको शासकीय सुधार गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्ने।
- वन क्षेत्रको अध्ययन अनुसन्धान शैक्षिक गुणस्तर तथा क्षमता अभिवृद्धि गर्ने।

## राष्ट्रिय वातावरण नीति २०७६

- जल, वायु, माटो, ध्वनि, विधुत-चुम्बकीय तरङ्ग रासायनिक र रेडियोधर्मी लगायत सबै प्रकारका प्रदुषणको रोकथाम नियन्त्रण र न्यूनीकरण गर्ने।
- घरेलु औद्योगिक तथा सेवा क्षेत्र लगायत सबै स्रोतबाट सिर्जित फोहोरमैलाको व्यवस्थापन गर्ने।
- शहरी तथा नगर क्षेत्रमा उद्यान विकास तथा हरियाली विस्तार गर्ने।
- विकासका सबै आयामहरुमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गर्ने।
- प्रदुषण पीडितलाई वातावरणीय न्यायको सुनिश्चतता गर्ने।
- वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने।
- वर्तमान तथा भावी पुस्ताविचमा न्यायोचित हुने गरी प्राकृतिक तथा मानव निर्मित स्रोतहरुको उपयोग गर्ने ।
- वातावरण संरक्षण र व्यवस्थापनका लागि शोध अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने।
- जमीनको प्रयोग भू-उपयोग योजना वमोजिम गर्ने।
- संभव भएसम्म उपलब्ध स्रोत साधनको पुनःप्रयोग र पुनःप्रशोधन गर्ने।

## राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६

- सङ्कटासन्न र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार, समूह र समुदायको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गर्ने ।
- जलवायु परिवर्तनका प्रतिकूल प्रभावको जोखिममा रहेका पारिस्थितीकीय प्रणालीहरुको उत्थानशीलता विकास गर्ने।
- न्यून कार्बन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने।
- जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तिय स्रोतहरुको न्यायोचित

परिचालन गर्ने ।

- जलवायु परिवर्तन सम्बन्धी अनुसन्धान, प्रविधि विकास र सूचना सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।
- राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, योजना तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनका विषयहरुलाई एकीकृत गर्ने ।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रमहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने।

## १.३ प्रमुख नीति तथा कानुनहरु

### १.३.१ नीति तथा रणनीतिहरु

- राष्ट्रिय वन नीति, २०७५
- राष्ट्रिय वातावरण नीति २०७६
- राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६
- राष्ट्रिय सिमसार नीति, २०६९
- जडिबुटी एवं गैह्रकाष्ठ वन पैदावार विकास नीति, २०६१
- वन क्षेत्रको रणनीति, २०७२
- वन अनुसन्धान रणनीति, २०७३
- वन क्षेत्रको अनुगमन तथा मूल्याङ्कन रणनीति २०७३
- नेपालको जैविक विविधता रणनीति तथा कार्ययोजना, (२०१४-२०२०)
- चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४
- पन्ध्रौं योजना ( आ.व २०७६/०७७-२०८०/०८१)
- राष्ट्रिय रेडप्लस रणनीति, २०७५

### १.३.२ ऐन तथा नियमहरु

- वन ऐन, २०७६
- वातावरण संरक्षण ऐन, २०७६
- राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- नेपाल प्रकृति संरक्षण कोष ऐन, २०३९
- भू तथा जलाधार संरक्षण ऐन, २०३९

- बिरुवा संरक्षण ऐन, २०६४
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने ऐन, २०७३
- शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली २०७६
- वन नियमावली, २०५१
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली (पाँचौ संशोधन) २०७६
- नेपाल प्रकृति संरक्षण कोष नियमावली, २०४१
- वातावरण संरक्षण नियमावली, २०५४
- बिरुवा संरक्षण नियमावली, २०६६
- भू तथा जलाधार संरक्षण नियमावली, २०४२
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
- नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१
- नेपाल वन निगम लिमिटेड नियमावली
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण नियमावली २०७६

## १.४ संगठनात्मक स्वरुप तथा व्यवस्था

परिवर्तित व्यवस्थालाई अंगिकार गर्दै वन तथा वातावरण मन्त्रालयले पनि आफ्नो सांगठनिक संरचनामा परिवर्तन गरेको छ । हाल संघमा वन तथा वातावरण मन्त्रालय रहेको छ भने ७ वटा प्रदेशहरुमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयहरु गठन भई उक्त मन्त्रालय अन्तरगत रहने गरी सात ७ वटा प्रदेश वन निर्देशनालयहरु, ८४ वटा डिभिजन वन कार्यालयहरु,१४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु  तथा ७ वटा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र गठन गरी संचालनमा रहेको छ ।

वन तथा वातावरण मन्त्रालयमा माननीय मन्त्रीको नेतृत्वमा प्रशासकीय प्रमुखका रुपमा सचिव, ६ वटा महाशाखा र त्यस मातहतमा शाखाहरु रहेका छन् । प्रत्येक महाशाखाका प्रमुखका रुपमा सह सचिव रहने व्यवस्था छ । मन्त्रालय अन्तर्गत सहसचिवले नेतृत्व गर्ने २ वटा केन्द्र (रेड कार्यान्वयन केन्द्र र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र) सहित मन्त्रालय अन्तर्गत चारवटा विभाग (वन तथा भू-संरक्षण, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, बनस्पति र वातावरण) रहेका छन् । राष्ट्रिय गौरवको आयोजनाको रुपमा अन्तरगत राष्ट्रपति चूरे तराई मधेश संरक्षण विकास समिति रहेको छ ।  यसका अतिरिक्त मन्त्रालय मातहत जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी

लिमिटेड, राष्ट्रिय ताल संरक्षण विकास समिति, नेपाल वन निगम र वन पैदावार विकास समिति रहेका छन। वन, वातावरण तथा जैविक विविधता संरक्षण र व्यवस्थापनका वार्षिक कार्यक्रम तथा बजेट मध्ये केही कार्यक्रम यस मन्त्रालयले अन्तर्गतका निकायहरुबाट सिधै र केही सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तहहरुलाई सशर्तः रुपमा उपलब्ध गराई सबै निकायहरुको समन्वय र सहकार्यमा विकास तथा संरक्षणका कार्यक्रमहरु कार्यान्वयनमा लगिएको छ।

## १.५ वन तथा वातावरण मन्त्रालयको कार्य क्षेत्र

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार वन तथा वातावरण मन्त्रालयबाट सम्पादन गरिने कार्यहरु निम्नानुसार रहेको छः

१. राष्ट्रिय वन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन ।
२. राष्ट्रिय वनको सर्वेक्षण, वर्गीकरण, नाप नक्सा र सीमाङ्कन ।
३. निजी वन, सार्वजनिक वन, सरकारी वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वन सम्बन्धी नीति, कानून र मापदण्ड ।
४. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी नीति, कानून र मापदण्ड ।
५. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिकार आरक्ष र सीमसार क्षेत्र सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तथा कार्यान्वयन ।
६. हात्तीसार ।
७. प्राणी उद्यान (चिडियाखाना) सम्बन्धी नीति, कानून र मापदण्ड ।
८. मध्वर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापन सम्बन्धी नीति र मापदण्ड ।
९. जैविक विविधता, प्राकितक वातावरण संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन ।
१०. वन्यजन्तु, जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रण सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन ।
११. वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू-उपयोगको परिवर्तन ।
१२. वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति, कानून र मापदण्ड ।
१३. हर्बेरियम व्यवस्थापन ।
१४. वनस्पतिहरुको रासयनिक गुणहरुको परीक्षण, प्रयोगशाला, प्रत्यायन, प्रमाणीकरण र गुणस्तर ।
१५. आनुवांशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजाति र आयातित प्रजाति ।
१६. वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरणसम्बन्धी नीति, कानून र मापदण्ड ।
१७. कार्बन सेवा र कार्बन सञ्चिति ।

१८. अन्तर प्रादेशिक जङ्गल, हिमाल, वन, संरक्षण क्षेत्र, जैविक विविधता तथा भू-जलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन ।
१९. अन्तरदेशीय वन तथा वन्यजन्तु सम्बन्धी विषय ।
२०. वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान ।
२१. प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायम सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन ।
२२. वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा ।
२३. हरित अर्थतन्त्र सम्बन्धी नीति र मापदण्ड ।
२४. विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन, ध्वनि लगायतका प्रदूषण नियन्त्रण।
२५. हरितगृह ग्यासको मापदण्ड र नियमन ।
२६. राष्ट्रियस्तरमा वातावरणीय सूचना प्रणाली ।
२७. वातावरणीय प्रभाव अध्ययन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन ।
२८. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष ।
२९. सशस्त्र वन रक्षक ।
३०. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय।
३१. मन्त्रालय सम्बन्धी सार्वजिनक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।
३२. नेपाल वन सेवाको सञ्चालन ।

## १.६ मन्त्रालय अन्तर्गतका महाशाखाहरुवाट सम्पादित हुने मुख्य मुख्य कार्यहरु

### १.६.१ योजना अनुगमन तथा समन्वय महाशाखा

- मन्त्रालयसंग सम्बन्धित आवधिक योजना, नीति कार्यक्रम, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने, गराउने ।
- कार्यक्रम तथा बजेटका सम्बन्धमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सम्बन्धित आयोजना तथा अन्य निकायहरुसंग समन्वय गर्ने गराउने ।
- स्वीकृत वार्षिक कार्यक्रममा संशोधन गर्नु पर्ने अवस्थामा सो स्वीकृत गराई सम्बन्धित निकायमा पठाउने ।

- मन्त्रालयसंग सम्बन्धित नीतिहरुको निर्माण, परिमार्जन वा संशोधनहरुको मस्यौदा तयार गर्ने, गराउने।
- अन्य मन्त्रालय तथा निकायहरुबाट सुझाबका लागि पठाइएका कानून, नीति, रणनीति तथा अन्य दस्तावेजहरुको लागि सुझाब तयार गरी पठाउने ।
- मन्त्रालयसंग सम्बन्धित रणनीति, निर्देशिका, मार्गदर्शन तथा कार्यविधिहरुको निर्माण, संशोधन, परिमार्जन सम्वन्धी कार्य गरी स्वीकृत गराउने ।
- मन्त्रालयसंग सम्बन्धित ऐन, नियमावलीहरुको निर्माण, परिमार्जन वा संशोधनहरुको मस्यौदा तयार गर्ने।
- वन, वातावरण तथा जलवायू क्षेत्रका तथ्य तथ्यांक तथा सूचनाहरुको संकलन, प्रशोधन, विश्लेषण र आवश्यकता अनुसार प्रकाशन गर्ने, गराउने ।
- मन्त्रालयसंग सम्बन्धित वैदेशिक सहायताको लागि प्रस्तावहरु संकलन, परिमार्जन तथा मस्यौदा तयार गरी अर्थ मन्त्रालय र सम्बन्धित दातृ निकायमा पेश गरी आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्ने ।
- मन्त्रालयसंग सम्बन्धित बैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरुको कार्यक्रम, बजेट तयार गरी कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने गराउने ।
- मन्त्रालय मातहतका संस्थान, समिति, कोषहरुको सम्पर्क विन्दु भई कार्य गर्ने ।
- मन्त्रालयको लैंगिक सम्पर्क विन्दुको रुपमा संयोजन गर्ने ।
- विकास सझेदारहरुसंग आवश्यकता अनुसार वैठक गर्ने र परियोजनाहरुको प्रगति अध्यावधिक गर्ने गराउने ।
- दातृ निकायको सहयोगमा मन्त्रालयसंग सम्बन्धित चालु तथा संम्भावित परियोजनाहरुको विवरण अद्यावधिक गर्ने, गराउने ।
- मन्त्रालय र अन्तर्गतका विभागहरु, केन्द्र, समिति, संस्थान, कोष, कम्पनि तथा परियोजनाहरुको कार्यक्रमको अनुगमन गरी पृष्ठपोषणको समेत व्यवस्था मिलाउने ।
- मन्त्रालय र अन्तर्गतका विभागहरु, केन्द्र, समिति, संस्थान, कोष, कम्पनि तथा परियोजनाहरुबाट प्राप्त आवधिक एवं वार्षिक प्रगति प्रतिवेदनहरू आवश्यकता अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग लगायत तोकिएका निकायहरुमा म्यादभित्र पेश गर्ने ।
- मासिक, चौमासिक र वार्षिक प्रगति समीक्षा र आवश्यकता अनुसार मन्त्रालय स्तरीय विकास समस्या समाधान वैठक गर्ने गराउने ।
- मन्त्रालयसंग सम्बन्धित कार्यक्रम प्रभावकारी ढंगले सञ्चालनका लागि प्रदेश एवं स्थानीय तहहरुसँग सम्पर्क र समन्वयको व्यवस्था मिलाउने ।

- मन्त्रालयसंग सम्बन्धित विषयको अध्ययन, अनुसन्धान तथा क्षमता विकास कार्यमा विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा शैक्षिक संस्थाहरुसंग समन्वय गर्ने गराउने ।
- मन्त्रालयसंग सम्बन्धित विषयहरुमा क्षेत्रीय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग समझदारी, समन्वय तथा सहकार्यको व्यवस्था मिलाउने ।
- आवश्यकता अनुसार परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयहरुसंग समन्वय गरी दातृ निकाय, कुटनैतिक नियोग तथा विदेशी पाहुँनाहरुको मन्त्रालयसंगको भेटघाट तथा वैठकको व्यवस्था मिलाउने ।
- यस महाशाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## १.६.२ जलवायु परिवर्तन व्यवस्थापन महाशाखा

- जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यक्रमहरु तर्जुमा गर्न आवश्यक सहजीकरण गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, गराउने ।
- जलवायु परिवर्तन सम्बन्धी वार्षिक वस्तुस्थिति प्रतिवेदन तयारी र प्रकाशन गर्ने गराउने ।
- जलवायु परिवर्तन सम्बन्धी अन्तराष्ट्रिय सन्धि सम्झौताहरुको सम्पर्क विन्दु भई काम गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धमा विभिन्न निकायहरु एवं संघसंस्थाहरुबाट भए गरेका तथा हुने कार्यहरुको संयोजन एंव सहजीकरण गर्ने गराउने ।
- जलवायु परिवर्तन परिषद्को बैठक आयोजनामा सहजीकरण गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने, गराउने ।
- जलवायु परिवर्तन सम्बन्धी वार्ताको लागि आवश्यक राष्ट्रिय कार्यपत्रहरु तयार गर्ने गराउने ।
- हरितगृह ग्याँसहरुको आधार तह (Reference Level) तयार गर्ने, अनुगमन गर्ने र आवधिक प्रतिवेदनहरु तयार गरी पेश गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरुको लागि प्राविधिक एंव आर्थिक सहयोग जुटाउन प्रस्तावहरु तयार गर्ने, गराउने ।
- जलवायु परिवर्तन सम्बन्धमा गोष्ठी, कार्यशाला तथा तालिमको आयोजना गर्ने गराउने ।
- जलवायु परिवर्तनबाट हुन सक्ने प्रभावलाई न्यून गर्न, गराउन अन्य कार्यहरु गर्ने, गराउने ।
- स्वच्छ विकास संयन्त्रको Designated National Authority (DNA) भई कार्य गर्ने ।
- हरितगृह ग्याँसको उत्सर्जन बढी गर्ने क्षेत्रको पहिचान गरी स्वच्छ ऊर्जा एवं हरित उत्पादकत्व सम्बन्धी प्रबर्द्धनात्मक कार्य गर्ने गराउने ।
- रेड कार्यान्वयन केन्द्रलाई प्राबिधिक सहयोग उपलब्ध गराउने ।

- अन्तरराष्ट्रिय प्रतिवद्धता अनुरुपको हरित गृह ग्याँस उत्सर्जन लगायतका राष्ट्रिय प्रतिबेदनहरु तयारी गरी पेश गर्ने ।
- यस महाशाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## १.६.३ वन तथा जलाधार महाशाखा

- राष्ट्रिय वन तथा जलाधार सम्बन्धी नीति तथा कार्यक्रमहरु तर्जुमामा आवश्यक सहजीकरण गर्ने, गराउने ।
- सरकारी वन क्षेत्रको सर्वेक्षण, नाप नक्सा र सीमा निर्धारणमा समन्वय गर्ने गराउने ।
- सरकारी, सार्वजनिक, निजी क्षेत्र, कृषि वन, सहरी क्षेत्रमा वृक्षारोपण तथा वन विकासको आवश्यक व्यवस्था मिलाउने ।
- राष्ट्रिय वन क्षेत्र, सरकारी घर जग्गा हस्तान्तरण, जग्गा सट्टाभर्ना, मुआब्जा, वन उपयोग तथा अन्य प्रयोजनलाई वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी कार्यहरु गर्ने ।
- अन्य प्रयोजनका लागि उपलब्ध गराईएको वन क्षेत्रको अभिलेख राख्ने, नियमित अनुगमन तथा मूल्यांकन गरी, गराई पृष्ठपोषण गर्ने ।
- वृहत जलाधार, जलाधार, उप जलाधार तथा सुक्ष्म जलाधारहरुको अध्ययन अनुसन्धान गर्ने, गराउने।
- मरुभूमीकरण तथा भूमीको क्षयीकरणलाई सम्बोधन हुने कार्यक्रमहरुको लागि प्राविधिक एंव आर्थिक सहयोग जुटाउन प्रस्तावहरुको मस्यौदा तयार गर्ने ।
- सिमसार तथा ताल तलैया क्षेत्रहरुको संरक्षण, व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने ।
- नदी प्रणालीमा आधारित वृहत जलाधार संरक्षण योजना तर्जुमा तथा कार्यान्वयनका लागि नीतिगत सहजीकरण गर्नु गराउनुको साथै भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी आयोजनाहरुको कार्यक्रम गर्न समन्वय तथा सहजीकरण गर्ने, गराउने ।
- बाढी-पहिरो जस्ता प्राकृतिक प्रकोप न्यूनीकरण सम्बन्धी आवश्यक रणनीतिक योजनाहरुको अवधारणा बनाई प्रदेश तहसँग समेत आवश्यक सहकार्य र समन्वयको वातावरण सिर्जना गर्ने ।
- विपद् जोखिम न्यूनीकरणका लागि आवश्यकता अनुसार अन्य निकायहरुसंग समन्वय तथा सहजीकरण गर्ने, गराउने ।
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयनमा समन्वय तथा सहजीकरण गर्ने, गराउने।
- भू तथा जलाधार व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान तथा जलाधार सूचना प्रणालीको विकास गर्ने, गराउने ।

- मरुभूमीकरण, भूमीको क्षयीकरण तथा विपद् जोखिम न्यूनीकरणका राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रमहरुको सम्पर्क विन्दु भई कार्य गर्ने ।
- यस महाशाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## १.६.४ वातावरण तथा जैविक विविधता महाशाखा

- वातावरण तथा जैविक विविधता सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमामा आवश्यक सहजीकरण गर्ने, गराउने ।
- वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अध्ययन, स्वीकृति एवं सम्बन्धित कार्य गर्ने, वातवरणीय अनुगमन तथा परीक्षणका लागि आवश्यक व्यवस्था गर्ने, गराउने ।
- प्रदूषण नियन्त्रण गर्नका लागि आवश्यक मापदण्ड निर्माण, कार्यान्वयन तथा अनुगमन लगायतका कार्यहरु गर्ने ।
- प्राकृतिक स्रोतमा पर्ने वातावरणीय असरहरुको मूल्याङ्कन गर्ने, गराउने र सो सम्बन्धी प्राविधिक राय उपलब्ध गराउने ।
- वातावरणीय मापदण्ड विकासका लागि अन्य मुलुकहरुमा अवलम्बन भइरहेका मापदण्डहरुलाई देश भित्र लागू गर्नका लागि अनुसन्धान गर्न सहयोग पुऱ्याउने ।
- उद्योगहरुलाई सोझै वा स्थानीय निकायहरु मार्फत प्रदूषण नियन्त्रण प्रमाणपत्र जारी गर्ने गराउने कार्यमा सहयोग पुर्याउने ।
- वनजंगल एंव वनजन्य वस्तुको संरक्षणको प्रयासमा प्रदूषण नियन्त्रण कार्यलाई प्राथमिकता दिनको लागि आवश्यक मार्गचित्र तयार गर्ने, गराउने ।
- वातावरण संरक्षण कोष विकास एवं विस्तार गर्नका लागि आवश्यक कार्य गर्ने, गराउने ।
- वातावरण संरक्षण परिषद्को बैठक आयोजना गर्ने ।
- वातावरण संरक्षण कोषबाट गरिने वार्षिक कार्यक्रम तर्जुमा सम्बन्धी कार्य गरी कार्यान्वयन गर्ने, गराउने ।
- विकिरण तथा हानीकारक रसायनको आयात निर्यात नियमनका साथै अन्य क्षेत्रमा भएको प्रयोगबाट जनजीवनमा पर्ने र पर्न सक्ने प्रभाव बारे अध्ययन गरी आवश्यक सुरक्षा प्रणाली अवलम्बनका लागि सिफारिश गर्ने ।
- वातावरण संरक्षण तथा प्रवर्द्धन एवं व्यवस्थापनको लागि वातावरणीय सुशासन सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सहजीकरणसंग सम्बन्धित कामको समन्वय गर्ने ।
- जैविक विविधतासँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरुको सम्पर्क बिन्दु भई काम गर्ने ।

- जैविक विविधतासंग सम्वन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून कार्यान्वयन गर्ने, गराउने ।
- जैविक विविधता सम्वन्धी क्षमता विकासका कार्य गर्ने, गराउने ।
- जैविक विविधताको अभिलेखीकरण तथा पंजीकरण सम्बन्धी विषयमा समन्वय गर्ने ।
- जैविक विविधता सम्वन्धी महासन्धि तथा अभिसन्धिहरुको राष्ट्रिय रणनीति तथा कार्ययोजना एवं राष्ट्रिय प्रतिवेदन तयारी गर्ने कार्य गर्ने, गराउने ।
- जैविक विविधता सम्वन्धी भू-परिधीय कार्यक्रम र आयोजनाहरुको समन्वय र सहकार्य गर्ने, गराउने।
- जैविक विविधता संरक्षणमा परस्थानीय प्रजातिको संरक्षणको लागि वनस्पति उद्यान र प्राणी उद्यान लगायत हात्तीसार, चिडियाखाना व्यवस्थापन सम्वन्धी समन्वय गर्ने ।
- वन जैविक प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रविधि विकास सम्बन्धी काम गर्ने, गराउने ।
- यस महाशाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## १.६.५ सहभागितामूलक वन महाशाखा

- समुदायमा आधारित वन व्यवस्थापन पद्धति सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमामा आवश्यक सहजीकरण गर्ने, गराउने ।
- सामुदायिक वन, साझेदारी वन, गरिबमुखी कबुलियती वन, धार्मिक वन, मध्यवर्ती क्षेत्रका वन लगायत सहभागितामूलक वन व्यवस्थापन पद्धतिहरु सम्बन्धी अभिलेख राख्ने ।
- सामुदायिक वन, साझेदारी वन, गरिबमुखी कबुलियती वन, धार्मिक वन, मध्यवर्ती क्षेत्रका वन लगायत सहभागितामूलक वन व्यवस्थापन पद्धतिहरु सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, गराउने।
- वन पैदावारमा आधारित उद्यम तथा उद्योगहरुको स्थापना, विकास र प्रवर्द्धनका लागि आवश्यक व्यवस्था गर्ने ।
- वन प्रमाणीकरण (Forest Certification) का लागि आवश्यक समन्वय गर्ने ।
- संरक्षणमुखी, उत्पादनमुखी एवं पर्यापर्यटन प्रवर्द्धनमुखी सामुदायिक वनहरुमा दिगो व्यवस्थापनको सिद्धान्त बमोजिम व्यवस्थापन गर्न आवश्यक राष्ट्रिय नीति एवं मापदण्ड तयारी सम्बन्धी कार्यहरु गर्ने, गराउने ।
- उत्पादनमुखी सामुदायिक वनहरुको दिगो व्यवस्थापनका राष्ट्रिय आधार र सूचकहरु निर्माणका लागि आवश्यक सहजीकरणका कार्यहरु गर्ने, गराउने ।
- सामुदायिक वनभित्रका वन्यजन्तुको संरक्षणका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहको कोष परिचालन बारे राष्ट्रिय नीति एवं कानून निर्माण सम्बन्धी कार्यहरु गर्ने, गराउने, ।

- सामुदायिक वन उपभोक्ता समूहहरुको संस्थागत दिगोपना, समावेशी प्रतिनिधित्व एवं निर्णय प्रक्रियामा सहभागिताको लागि नीतिगत कार्यहरु गर्ने गराउने ।
- सहभागितामूलक वन डढेलो नियन्त्रण एवं रोकथाम सम्वन्धी नीतिगत कार्यहरु गर्ने, गराउने ।
- वन श्रमिक, वन हेरालु, सामुदायिक वनहरुको संरक्षण, व्यवस्थापनमा आवश्यक दक्ष जनशक्तिको योग्यता तथा कार्यसूचीको मापदण्ड निर्माण सम्वन्धी कार्यहरु गर्ने, गराउने ।
- सहभागितामूलक वन व्यवस्थापन पद्धतिहरुको स्थानीय, प्रदेश एवं केन्द्रीय तहसंगको अन्तरसम्बन्ध एवं समन्वय सम्बन्धी आवश्यक राष्ट्रिय कार्यविधिको निर्माण गर्ने, गराउने ।
- साझेदारी वनको समूह, स्थानीय, प्रदेश एवं केन्द्रसंगको साझेदारिता, लाभको वितरण सम्बन्धी मापदण्ड निर्माणका लागि समन्वय तथा सहजीकरण गर्ने, गराउने ।
- सहभागितामूलक वन व्यवस्थापन समूहहरुको क्षमता विकास, हरित रोजगारीको अध्ययन अनुसन्धान गर्ने, गराउने ।
- उच्च मूल्यका वनजन्य जडिबुटी र गैहृकाष्ठ वन पैदावारहरुको उत्पादन, प्रवर्द्धन र बजारीकरण प्रवर्द्धन सम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।
- वन तथा वनजन्य उद्योगको लागि कच्चा पदार्थ उपलब्ध गराउने सम्बन्धमा मापदण्ड तयार गर्ने । साथै सो सम्बन्धी राजश्व, शुल्क, महशुल आदिको वारेमा राय प्रतिक्रिया उपलब्ध गर्ने, गराउने ।
- सहभागितामूलक वन सम्बन्धी गोष्ठीहरुको आयोजना, समन्वय, सहभागिता सम्बन्धी कार्यहरु गर्ने, गराउने ।
- पर्वतीय विकाससंग सम्बन्धित कार्यक्रम, वैठक, गोष्ठी र सम्मेलनहरुको आयोजना गर्ने, र मन्त्रालयले प्रतिनिधित्व गर्नु पर्ने भए सहभागी हुने ।
- यस महाशाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

### १.६.६ प्रशासन महाशाखा

- मन्त्रालय र अन्तरगतका निकायहरुको जनशक्ति व्यवस्थापन, आर्थिक प्रशासन र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने ।
- मन्त्रालयको जिन्सी व्यवस्थापन र मर्मत सम्भार सम्बन्धी कार्य गर्ने, गराउने ।
- भौतिक सम्पत्तिको सुरक्षा, मर्मत सम्भार आदि गर्ने, गराउने ।
- सार्वजनिक खरिद ऐन:नियमावली बमोजिम सरकारी खरिद सम्बन्धी कार्य गर्ने, खरिद भएको जिन्सी सामानको दाखिला, निरीक्षण र खर्च सम्बन्धी कार्य गर्ने, गराउने ।
- लिलाम विक्री सम्बन्धी कार्य गर्ने, गराउने ।
- मन्त्रालय र अन्तरगतका निकायहरूको वेरुजु फछ्र्यौट गर्ने, गराउने ।

- मन्त्रालय र अन्तरगतका निकायहरुको जनशक्ति विकास सम्बन्धी कार्यहरु गर्ने, गराउने ।
- मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादित कार्यका विषयमा प्राप्त उजुरी, गुनासा आदिको जाँचबुझ तथा छानविन सम्बन्धी कार्य गर्ने, गराउने ।
- कर्मचारीहरुको गुनासो सम्बोधन सम्बन्धी कार्य गर्ने, गराउने ।
- मन्त्रालयको पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने ।
- कर्मचारीहरुको विभागीय कारवाही तथा पुरस्कार लगायतका कार्यहरु गर्ने गराउने ।
- मन्त्रालयसंग सम्बन्धित कर्मचारीहरुको अध्ययन, असाधारण लगायतका विदाहरु सम्बन्धी कार्य गर्ने, गराउने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सुशासन इकाई र प्रशासन सुधार सम्बन्धी कार्यको सम्पर्क विन्दुको रुपमा काम गर्ने, गराउने ।
- वन क्षेत्रको सांगठनिक एवं प्रशासनिक प्रक्रियाको व्यवस्थापन सम्बन्धमा आवश्यक Standard Operating Procedure (SOP) बनाउने ।
- मन्त्रालयसँग सम्बन्धित वैदेशिक भ्रमणको मनोनयन सम्बन्धी कार्य गर्ने ।
- अन्य शाखा तथा महाशाखाको कार्य विवरणमा अस्पष्टता भएमा स्पष्ट पार्ने ।
- यस महाशाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

# खण्ड – २ : आर्थिक वर्ष २०७७/०७८ को प्रगति

## २.१ आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण

यस खण्डमा वन तथा वातावरण मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकायहरुबाट आ.व. २०७८/०७९ मा कार्यान्वयन हुने पहिलो प्राथमिकता प्राप्त (P1) तथा दोश्रो प्राथमिकता प्राप्त (P2) कार्यक्रम/आयोजना/परियोजनाहरुको तुलनात्मक भौतिक तथा वित्तीय प्रगति विवरण क्रमशः तालिका २.१, २.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१ः पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति**

प्रगति प्रतिशतमा

| सि.नं | आयोजना/कार्यक्रमहरुको नाम | बजेट शीर्षक | आ.व.०७७/०७८ | | आ.व.०७८/०७९ | |
|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १ | वन तथा वातावरण मन्त्रालय | ३२९०००११ | ९०.७७ | ७१.५३ | ८६.० | ८६.३२ |
| २ | वन तथा भू-संरक्षण विभाग | ३२९०१०११ | ८०.७२ | ६७.०० | ८०.१ | ६९.८४ |
| ३ | डिभिजन वन कार्यालयहरु(वन सुरक्षा सैनिक समेत) | ३२९०१०१२ | ७८.०८ | ६१.२७ | ६०.१ | १९.८५ |
| ४ | वनस्पति विभाग | ३२९०२०११ | ८९.०० | ७३.१४ | ९७.२ | ८२.८४ |
| ५ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | ३२९०३०११ | ८७.८५ | ७८.२४ | ८३.४ | ८२.५१ |
| ६ | वन अनुसन्धान तथा सर्भेक्षण विभाग | ३२९०४०११ | ८०.०५ | ६३.९३ | ८८.० | ७१.४२ |
| ७ | वातावरण विभाग | ३२९०५०११ | ८२.९६ | ५३.०५ | ५०.९ | २३.३१ |
| ८ | जडिबुटी विकास कार्यक्रम | ३२९०२१०१ | ८७.६५ | ७८.३५ | ८९.३ | ६८.६५ |
| ९ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ३२९०११०१ | ७६.०१ | ५३.८९ | ८०.१ | ६८.९१ |
| १० | राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ३२९०३१०१ | ८६.२५ | ८०.६८ | ८५.० | ७५.०३ |
| ११ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ३२९००१०२ | २३.३८ | २३.३८ | ५२.० | ७७.५३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ३२९००१०४ | ९३.८९ | ८७.९३ | ९०.७ | ८३.०३ |
| १३ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ३२९००१०३ | ९३.६६ | ६६.२३ | ८०.५ | ७०.३५ |
| १४ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | ३२९०११०४ | ८४.७३ | ८.७३ | ९०.५ | ११.४४ |
| १५ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ३२९००१०१ | ८४.८९ | ७७.१५ | ९२.९ | ८८.४९ |
| १६ | समृद्धिका लागि वन | ३२९००१०५ | ८९.१६ | ५९.८२ | ८८.० | ६०.६१ |
| १७ | स्वच्छ वातावरण कार्यक्रम | ३२९००१०८ | ६६.१७ | ५८.११ | ५७.४ | ६७.९८ |
| १८ | जलवायु उत्थानशिल चुरे कार्यक्रम | ३२९००१०८ | ७७.७१ | ९.१४ | ७५.० | १९.७४ |
| १९ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | ३२९०११०२ | ९४.३८ | ८९.६८ | ८७.३ | ८७.९२ |
| २० | जलाधारमा आधारित जलवायु उत्थानशिल जीविकोपार्जन आयोजना | ३२९०११०६ | - | - | ९८.० | ४०.१७ |
| २१ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ३२९०२१०३ | ९०.७४ | ९०.१६ | ९९.९ | ९३.११ |

**नोट :** तथ्यांक नभरिएको कार्यक्रमहरु आ.व २०७८/७९ वाट मात्र शुरु भएका कार्यक्रमहरु भएकाले आ.व. २०७७/०७८ मा प्रगति नरहेका

**तालिका २.२: दोस्रो प्राथमिकता प्राप्त कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगति**

प्रगति प्रतिशतमा

| सि.नं | आयोजना/कार्यक्रमहरुको नाम | बजेट शीर्षक | आ.व.०७७/०७८ | | आ.व.०७८/०७९ | |
|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय | भौतिक | वित्तिय |
| १ | राष्ट्रिय निकुन्ज सुरक्षा टोली(नेपाली सेना) | ३२९०३०१२ | १०० | ९८.४० | १०० | १०० |
| २ | हात्तिसारहरु | ३२९०३०१३ | ८३.४१ | ८१.८० | ९२ | ८८.३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | केन्द्रिय वन तालिम तथा प्रसार केन्द्र | ३२९०६०११ | ७१.६५ | ४०.८९ | १०० | ६९.२७ |
| ४ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ३२९०४१०१ | ७०.२२ | ५८.५९ | ९४ | ८४.९६ |

## २.२ मन्त्रालय अन्तर्गतका समिति/संस्थान/कम्पनी/निगम/कोषको प्रगति

यस मन्त्रालय अन्तर्गतका समिति/संस्थान/कम्पनी/निगम/कोषको आ.व. ०७७/०७८ र आ.व. ०७८/०७९ को वार्षिक प्रगतिको तुलनात्मक स्थिति तालिका २.३ मा प्रस्तुत प्रस्तुत गरिएको छ ।

**तालिका २.३: समिति/संस्थान/कम्पनी/निगम/कोषको वार्षिक भौतिक तथा वित्तीय प्रगति**

प्रगति प्रतिशतमा

| सि नं | आयोजना/कार्यक्रमहरुको नाम | आ.व.०७७/०७८ | | आ.व.०७८/०७९ | |
|---|---|---|---|---|---|
| | | भौतिक | वित्तिय | भौतिक | वित्तिय |
| १ | नेपाल वन निगम | - | ८८.२४ | - | १७.७६ |
| २ | वन पैदावार विकस समिति | ३६.६ | ७०.३२ | ६९.३६ | ६०.९१ |
| ३ | जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड | ६८.०३ | ६३.०० | ३९.५ | ३९.५३ |
| ४ | राष्ट्रिय ताल विकास समिति | ४६.२१ | ४३.७१ | ९४.५० | ७६.३१ |
| ५ | राष्ट्रिय प्रकृति संरक्षण कोष | - | ५३.६३ | - | १०० |

## २.३ आ.व. २०७८/७९ मा विनियोजित बजेट तथा खर्चको विवरण

आर्थिक वर्ष २०७८/७९ मा वन तथा वातावरण मन्त्रालयको लागि चालु तर्फ रु ७ अर्व ७२ करोड २२ लाख र पूजिंगत तर्फ रु ४ अर्व ३० करोड ५८ लाख गरी कुल जम्मा विनियोजन वजेट रु १२ अर्व २ करोड ८० लाख रहेको थियो। विनियोजित वजेटमा चालुतर्फ ८४.३८ प्रतिशत (रु ६ अर्व ५१ करोड ५७ लाख ७० हजार) र पूर्जिंगततर्फ ७३.१९ प्रतिशत (रु. ३ अर्व १५ करोड १५ लाख ८९ हजार) गरि कुल जम्मा वजेट ८०.३७ प्रतिशत (रु. ९ अर्व ६६ करोड ७३ लाख ६३ हजार) खर्च भएको छ । विनियोजन तथा खर्चको विस्तृत विवरण तालिका २.४ मा प्रस्तुत गरिएको छ ।

## तालिका २.४: आ.व. २०७८/०७९ को विनियोजित बजेट तथा खर्चको विवरण

रकम रु. हजारमा

| कार्यक्रम | विनियोजन | | | खर्च | | | प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालू | पूजिंगत | जम्मा | चालू | पूजिंगत | जम्मा | चालू | पूजिंगत | जम्मा |
| वन तथा वातावरण मन्त्रालय | १९८७०० | १८०० | २००५०० | १६९५४२ | ३५२१ | १७३०६३ | ८५.३३ | १९५.६२ | ८६.३२ |
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ४२५६०० | ८२०० | ४३३८०० | ३८०१३५ | ३७३४ | ३८३८६९ | ८९.३२ | ४५.५४ | ८८.४९ |
| रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | १३१४०० | ० | १३१४०० | ५७२७८ | ४४५९८ | १०१८७६ | ४३.५९ | | ७७.५३ |
| पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ८३२०० | ७८०६०० | ८६३८०० | ६४७६३ | ५४२९३९ | ६०७७०३ | ७७.८४ | ६९.५५ | ७०.३५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १३२७०० | १३९३७०० | १५२६४०० | ९७२९८ | ११७०००६ | १२६७३०४ | ७३.३२ | ८३.९५ | ८३.०३ |
| सम्वृद्धिका लागि वन | ६८२०० | ३५००० | १०३२०० | ३३४७७ | २९०७२ | ६२५५० | ४९.०९ | ८३.०६ | ६०.६१ |
| स्वच्छ वातावरण कार्यक्रम | १६३०० | १११००० | १२७३०० | ६०२१ | ८०५१२ | ८६५३३ | ३६.९४ | ७२.५३ | ६७.९८ |
| जलवायु उत्थानशिल चुरे कार्यक्रम | १५१४०० | ३७५०० | १८८९०० | २१३०२ | १५९८० | ३७२८३ | १४.०७ | ४२.६१ | १९.७४ |
| वन तथा भू-संरक्षण विभाग | १८७९०० | ३५००० | २२२९०० | १३०१६४ | २५५१७ | १५५६८१ | ६९.२७ | ७२.९१ | ६९.८४ |
| डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ३७८३०० | १०४२०० | ४८२५०० | ३८५२९ | ५७२६४ | ९५७९३ | १०.१८ | ५४.९६ | १९.८५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | २४१०० | ६५५०० | ८९६०० | १६७०३ | ४५०४० | ६१७४३ | ६९.३१ | ६८.७६ | ६८.९१ |
| जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम | २८१०० | ३२४२०० | ३५२३०० | २१९५५ | २८७७९१ | ३०९७४६ | ७८.१३ | ८८.७७ | ८७.९२ |
| प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | ६४००० | १६०१०० | २२४१०० | १५४६७ | १०१६३ | २५६३० | २४.१७ | ६.३५ | ११.४४ |
| जलाधारमा आधारित जलवायु उत्थानशिल जीविकोपार्जन आयोजना | ९९००० | ६८९०० | १६७९०० | ४४६२२ | २२८१७ | ६७४३९ | ४५.०७ | ३३.१२ | ४०.१७ |
| वनस्पति विभाग | १७१६०० | १२४०० | १८४००० | १४३२१४ | ९२०४ | १५२४१८ | ८३.४६ | ७४.२२ | ८२.८४ |
| जडिबुटी विकास कार्यक्रम | ४९८०० | ४८८०० | ९८६०० | ४०७५२ | २६९३७ | ६७६८९ | ८१.८३ | ५५.२ | ६८.६५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ४१४०० | ५०००० | ९१४०० | ३९९६६ | ४५१३५ | ८५१०१ | ९६.५४ | ९०.२७ | ९३.११ |
| राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | २८८३०० | १०९१०० | ३९७४०० | २५६६७० | ७१२०८ | ३२७८७८ | ८९.०३ | ६५.२७ | ८२.५१ |
| राष्ट्रिय निकुन्ज सुरक्षा टोली (नेपाली सेना) | ३८९७३०० | ३४५०० | ३९३१८०० | ३८९५५१६ | १५१२२० | ४०४६७३६ | ९९.९५ | ४३८.३२ | १०२.९२ |
| हात्तिसारहरु | १५८२०० | ३५१०० | १९३३०० | १४४१९६ | २६५४४ | १७०७४० | ९१.१५ | ७५.६२ | ८८.३३ |
| राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ८७५००० | ७४३२०० | १६१८२०० | ७४४८८० | ४६९२०४ | १२१४०८५ | ८५.१३ | ६३.१३ | ७५.०३ |
| वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ५१२०० | १८०० | ५३००० | ३६३८३ | १४६८ | ३७८५१ | ७१.०६ | ८१.५३ | ७१.४२ |
| बन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ६७२०० | ६६०० | ७३८०० | ६२६३१ | ७० | ६२७०१ | ९३.२ | १.०६ | ८४.९६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वातावरण विभाग | १२८४०० | १३७९०० | २६६३०० | ५११११७ | १०९५५ | ६२०७२ | ३९.८१ | ७.९४ | २३.३१ |
| केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | ४९०० | ७०० | ५६०० | ३१८९ | ६९० | ३८७९ | ६५.०९ | ९८.५७ | ६९.२७ |
| **जम्मा** | **७७२२२००** | **४३०५८००** | **१२०२८०००** | **६५१५७७०** | **३१५१५८९** | **९६६७३६३** | **८४.३८** | **७३.१९** | **८०.३७** |

*श्रोतः आर्थिक प्रशासन शाखा, वन तथा वातावरण मन्त्रालय, २०७९*

## २.४ आर्थिक वर्ष २०७८/०७९ मा वन तथा वातावरण मन्त्रालय तथा अन्तरगतका निकायहरुवाट सम्पादित मुख्य कार्यहरु

### २.४.१ वन तथा वातावरण मन्त्रालय

| सि.नं | आयोजना/कार्यक्रमहरुको नाम | प्राथमिकता | मुख्य उपलव्धिहरु |
|---|---|---|---|
| १ | वन तथा वातावरण मन्त्रालय | पहिलो (P1) | • National Land Cover Monitoring System मार्फत तयार भएको नक्शाको प्रतिवेदन स्वीकृत गरी प्रकाशन गर्न नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०७८।१२।०७ मा निर्णय भएको ।<br>• नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७८।१०।०७ को निर्णय अनुसार भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ३ को उपदफा (१) अनुसार फेवातालको जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गर्न स्वीकृति प्राप्त भएको र मिति २०७८।११।१६ को नेपाल राजपत्रमा संरक्षित जलाधार क्षेत्रको चार किल्ला तथा क्षेत्रफल समेत उल्लेख गरि फेवातालको जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरिएको सूचना प्रकाशन भएको ।<br>• वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८ नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७८।११।२६ को निर्णय अनुसार स्वीकृत भएको ।<br>• नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०२।०६ को निर्णय अनुसार वन नियमावली, २०७९ स्वीकृत भएको ।<br>• दीगो वन व्यवस्थापनको लागि राष्ट्रिय मापदण्ड, २०७९ तयार गरी मन्त्रालयमा पेश भएको ।<br>• राष्ट्रिय बृहत् जलाधार ब्यबस्थापन रणनीति (बि.सं. २०७९–२०९०) स्वीकृतिको लागि परामर्श/सहमतिको लागि श्री अर्थ मन्त्रालयमा प्रेषित गरेको ।<br>• राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति तथा वन्यजन्तु अपराध नियन्त्रण व्यूरोको सांगठनिक ढाँचा र |

| | | | |
|---|---|---|---|
| | | | काम, कर्तव्य र अधिकार, २०७९ को मस्यौदामा राय सुझावको लागि प्रदेश स्थित वन सम्बन्धि मन्त्रालयहरुमा प्रेषित गरेको ।<br>• वन्यजन्तुबाट भएको क्षतिको राहत उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९ स्वीकृतिको लागि परामर्श/सहमतिको लागि श्री अर्थ मन्त्रालयमा प्रेषित गरेको ।<br>• सशस्त्र वन रक्षक सेवा नियमावली, २०७९ को मस्यौदामा पुनरावलोकन गर्न कार्यदल गठन भएको र कार्यदलले उक्त नियमावलीलाई अन्तिम रुप प्रदान गर्दै गरेको ।<br>• ५० वटा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन, ६ वटा पूरक वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन, ५२ वटा क्षेत्र निर्धारण प्रतिवेदन/कार्यसूची स्वीकृत<br>• ३९ वटा विकास आयोजनालाई ४६५.४१६ हेक्टर क्षेत्रफल गरी हालसम्म १९ हजार ५ सय ९३ हेक्टर वन क्षेत्र उपलव्ध गराइएको |
| २ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | पहिलो (P1) | • जलवायु परिवर्तन सम्वन्धी पक्ष राष्ट्रहरुको २६ औं सम्मेलनमा नेपालको तर्फबाट सहभागीता जनाएको ।<br>• उक्त सम्मेलनमा सहभागी हुन विभिन्न Thematic Working Group बनाई हरेकले आ आफ्नो क्षेत्रको प्रतिवेदन तयार पारी राष्ट्रिय स्थिति पत्र तयार पारेको ।<br>• नेपालले जलवायु परिवर्तन व्यवस्थापन सम्वन्धी गरेका उपलब्धीहरु सम्मेलनमा प्रस्तुत गरी पेश गरेको जस्तै:<br>○ NAP Summary Report for Policy Makers (2021-2050)<br>○ नेपालको जलवायुजन्य हानी नोक्सानी सम्वन्धी राष्ट्रिय कार्यढाचा<br>○ खुद शुन्य उत्सर्जनमा नेपालको दीर्घकालीन रणनीति<br>• NDC कार्यान्वयन सम्वन्धी कार्ययोजना तयार भई स्वीकृतीका लागि मन्त्रि परिषदमा पेश गरेको ।<br>• सात वटै प्रदेशमा प्रादेशिक जलवायु परिवर्तन रणनीति तथा कार्ययोजना तयार भई स्वीकृतिको प्रकृयामा रहेको ।<br>• जलवायु परिवर्तन सम्वन्धि National MRV Framework को मस्यौदा तयार भएको । |

| | | | |
|---|---|---|---|
